लेखापरीक्षण प्रतिवेदन

राप्ती गाउँपालिका, दाङ

आर्थिक वर्ष २०८०/८१



महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

लेखापरीक्षण प्रतिवेदन

राप्ती गाउँपालिका, दाङ

आर्थिक वर्ष २०८०/८१

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

दूरदृष्टि
(VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था

(Be A Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य
(MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

(Provide independent and Quality Audit Service to the Nation)

मूल्य मान्यता
(CORE VALUES)

स्वतन्त्रता	*(Independence)*
निष्ठा	*(Integrity)*
पारदर्शिता	*(Transparency)*
जवाफदेहिता	*(Accountability)*
व्यावसायिकता	*(Professionalism)*

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८०।८१ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)
महालेखापरीक्षक

२०८२ वैशाख

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, लुम्बिनी प्रदेश
काठमाडौं

प.सं.:2081/82 मिति : २०८२-२-९

च.न.:FAR/2080-81/LOC/627

विषयः लेखापरीक्षण प्रतिवेदन।

श्री अध्यक्षज्यू,
राप्ती गाउँपालिका ,गाउँ कार्यपालिकाको कार्यालय,
दाङ।

कैफियतसहितको राय

हामीले यस गाउँपालिकाको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण,स्थानीय संचित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणी हरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौँ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेश भएको आर्थिक वर्ष २०८०।८१ को प्राप्ती र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन,बजेट तुलनात्मक विवरण,स्थानीय संचित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरु समावेश भएको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लगायत सम्वन्धित प्रचलित कानुनबमोजिम सारभूतरुपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. गाउँपालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सूत्र) प्रयोगमा रहेको छ। पालिकाले पेश गरेको प्राप्ती र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (म. ले. प. फा. नं. २७०) मा अन्तरसरकारी वित्तीय हस्तान्तरणबाट प्राप्त भएको सामाजिक सुरक्षा तथा संरक्षणको रु.१६ करोड ३० लाख ७२ हजार ,एकिकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रमको रु. १ करोड २५ लाख ६८ हजार र स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रु. ७७ लाख ७३ हजार समेत गरी रु. १८ करोड ३४ लाख १३ हजार समावेश गरेको छैन।

२. गाउँपालिकाको रु. १ अर्व ५६ करोड ७० लाख १२ हजार लेखापरीक्षण गरिएकोमा रू. ५२ लाख २३ हजार बेरुजू देखिएको छ। सो सम्बन्धमा रु. ३० लाख ७८ हजारको प्रतिक्रिया उपर कारबाही भई बाँकी बेरुजु रु. २१ लाख ४५ हजारमध्ये प्रमाण कागजात पेस गर्नुपर्ने रू. ७ लाख ९३ हजार, नियमित गर्नुपर्ने रु.१३ लाख ५२ हजार रहेको छ।. गत वर्षसम्म रु. २६ करोड ९ लाख ११ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु. २६ करोड ३० लाख ५६ हजार रहेको छ।बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

३. लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। एकीकृत वित्तीय विवरण तयार गर्ने राप्ती गाउँपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि स्वीकृत आचारसंहिताअनुसार हामीले काम गरेका छौँ। लेखापरीक्षणको क्रममा प्राप्त भएका आधार र प्रमाणहरू राय व्यक्त गर्न पर्याप्त र उपयुक्त छन् भन्नेमा विश्वस्त छौं।

अन्य बेहोरा

यो गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, लक्ष्यअनुसार असुली नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा असर परेको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका बेहोरा यस लेखापरीक्षण प्रतिवेदनमा औल्याइएको छ।

वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम वित्तीय जिम्मेवारी र जवाफदेहिता जिम्मेवार व्यक्तिमा रहेको हुन्छ । त्यसैगरी नेपाल सरकारबाट स्वीकृत भई महालेखा नियन्त्रक कार्यालयबाट लागु भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा त्रुटीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी राप्ती गाउँपालिका व्यवस्थापनमा रहेको छ। गाउँकार्यपालिका, गाउँपालिका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय विवरण समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडारहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम लेखापरीक्षण कार्यसम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(नारायण एम.सी.)

नायब महालेखापरीक्षक

बेरुजु वर्गीकरण

चालु वर्षको बेरुजु

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट फछ्र्यौट			प्रतिक्रियाबाट थप बेरुजु रकम	बाँकी बेरुजु			बेरुजु						
										असुल गर्नुपर्ने	नियमित गर्नुपर्ने					पेस्की
दफा संख्या		रकम	दफा संख्या		रकम		दफा संख्या		रकम	असुल गर्नुपर्ने	अनियमित भएका	प्रमाण कागजात पेश नभएका	जिम्मेवारी नसारेका	सोधभर्ना नलिएको	जम्मा	पेस्की
सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती			सैद्धान्तिक	लगती								
३२	१६	५२,२३,८९०	०	१३	३०,७८,४८५	०	३२	३	२१,४५,४०५	०	१३,५१,७२६	७,९३,६७९	०	०	२१,४५,४०५	०

अद्यावधिक बेरुजू स्थिति

जिल्ला	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्ष फस्र्यौट	बाँकी बेरुजु	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
दाङ	२६,०९,११,०००	०	०	२६,०९,११,०००	०	२१,४५,४०५	२६,३०,५६,४०५

बेरुजु सम्परीक्षणको विवरण

क्र.सं	आर्थिक वर्ष	बेरुजुको दफा	बेरुजुको छोटकरी व्यहोरा	सम्परीक्षण भएको रकम
१	२०८०/८१	२२	सामाजिक सुरक्षा भत्ता बढी भुक्तानी -	१,०७,८६७
२	२०८०/८१	२६	संघिय संचित कोष फिर्ता गर्नुपर्ने-	४,०५,०००
३	२०८०/८१	३६.१	राप्ती चक्रपथ योजना-	१७,१०,०००
४	२०८०/८१	१७	पाठ्यपुस्तक खरिद -	७,९२४

५	२०८०/८१	१८.१	दिवा खाजा -	१,१४,३२१
६	२०८०/८१	२०	ग्रेड बढी भुक्तानी -	१,९१,९४७
७	२०८०/८१	३४.४	आय ठेक्का-	२,११,७२९
८	२०८०/८१	१४	धरौटी फिर्ता -	३,२९,६९७
जम्मा				३०,७८,४८५

लेखापरीक्षण बक्यौताको विवरण

कार्यालय कोड	कार्यालयको नाम
विगतको लेखापरीक्षण बक्यौता नरहेको।	

(८०५५६५०६३०० - राप्ती गाउँपालिका, दाङ)

परिचय

१ **परिचय-**

(क) कार्यालय परिचय :-स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विद्यायिकी ,कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्दै स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले राप्ती गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता,सह-अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता,उत्तरदायित्व र पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ। यस पालिकामा ९ वडा ,१६१.०७ वर्ग किलोमिटर क्षेत्रफल तथा ५२१२३ जनसंख्या रहेको छ।

(ख) लेखापरीक्षणको उद्देश्य :- लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस गाउँपालिकाको आर्थिक वर्ष २०८०/८१ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :- यस पालिकाको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८०/८१ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८१।८।३ देखि २०८१।८।७ सम्म रहेको छ ।

(घ) लेखापरीक्षण विधि :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

(ङ) लेखापरीक्षणको सीमा :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रुपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

(च) आर्थिक कारोबारको स्थिति :- पालिकाको आय -व्यय तर्फ रु. १ अर्व ५६ करोड ७० लाख १२ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ ।

(छ) लेखापरीक्षणको क्रममा असुली :- लेखापरीक्षणको क्रममा गहुँको विउ लागत साझेदारीको रु १४९३१७ ,धानको विउ लागत साझेदारीको रु २७२६७५, शिक्षकको ग्रेड बढी निकासा रु ४७३३०,स्वास्थ्य तर्फका कर्मचारीहरुको स्तर वृद्धि वापतको समायोजन

ग्रेड बढी भुक्तानी रु ३२४३२४, चाडपर्व बढी भुक्तानी रु १६६४३८ ,दिवा खाजामा बढी निकासा रु १५१८१० ,पाठ्यपुस्तक बढी निकासा रु २२८५१ र छात्रवृत्ति बढी निकासा रु ३२८००।- गरी जम्मा रु ११,६७,५३५।-असूली भई दाखिला भएको छ।

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **वित्तीय प्रतिवेदन** -

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम पालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता समेत स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणालीबाट तयार भएको आर्थिक वर्ष २०८०।८१ को वित्तीय प्रतिवेदन देहाय बमोजिम रहेको छ:-

प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (बजेट र गैरबजेट निकाय)			
क्र.स./आर्थिक सङ्केत	विवरण	चालु आ.ब.को कारोबार	गत आ.व.को कारोबार
	राजस्व, अनुदान र अन्य प्राप्ति	जम्मा	जम्मा
११०००	कर	१४,१८,४३,८४६.५३	१०,७१,७३,९१५.१९
१३०००	अनुदान	३७,२०,२३,७४६.५६	४५,७३,०९,४७४.३७
१४०००	अन्य राजस्व	३,८६,०९,२४५.१३	२,३९,५४,१७५.५९
१५०००	विविध प्राप्ति	३,७६,१८६.००	७,७६,१४६.००
क	कुल जम्मा प्राप्ति	५५,२८,५३,०२४.२२	५८,९२,१३,७११.१५
३	चालु	३९,८०,०९,०५६.४०	४०,६९,२९,८०२.५१
२१०००	पारिश्रमिक / सुविधा	१९,५४,७३,४७७.३९	१६,२३,३३,५११.४८
२२०००	मालसामान तथा सेवाको उपयोग	१५,१५,६४,८२९.८४	१९,८०,९६,८५५.०८
२५०००	सहायता (Subsidy)	३,७७,१०,००४.००	२,९६,६४,७४७.५०
२७०००	सामाजिक सुरक्षा	९९,००,३५६.८०	१,४५,६९,९६१.४५
२८०००	अन्य खर्च	३३,६०,३८८.३७	२२,६४,७२७.००
४	पूंजीगत	१७,४६,१७,५८३.६१	२२,०३,२१,२४४.६४
३१११०	भवन तथा संरचना	८४,७३,२२१.००	१,३३,६७,८२६.१०
३११२०	सवारी साधन, मेशिनरी औजार, फर्निचर्स तथा फिक्चर्स	१,०५,८३,१३८.००	१,०७,७८,५०७.००
३११३०	अन्य पूँजीगत खर्च	१८,९३,१७१.००	२०,७९,९०३.००
३११५०	सार्वजनिक निर्माण	१४,३४,०६,२४१.२७	१८,३९,४७,६१८.५४
३११६०	निर्मित सरचनाको सुधार खर्च	६,९७,४८७.३४	१,९८,२३५.००
३११७०	पूँजीगत सुधार खर्च	९२,६४,३२५.००	९९,४९,१५५.००
३१२२०	मौज्दात सामानहरु	३,००,०००.००	०
ख)	कुल जम्मा भुक्तानी	५७,२६,२६,६४०.०१	६२,७२,५१,०४७.१५
ग)	बचत /कमी (ग = क-ख)	(१,९७,७३,६१५.७९)	(३,८०,३७,३३६.००)
घ)	धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/घट (+/-)	(७३,४९,५२६.७८)	(८,३४,९६०.२९)
घ.१)	कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी	-७,२८१.५०	(९,१२,५८३.४५)
ङ)	यस आ.ब.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) (ङ = ग+घ)	(२,७१,२३,१४२.५७)	(३,८८,७२,२९६.२९)
च)	गत आ.व.को नगद तथा बैंक मौज्दात	५,६२,४२,८७६.०५	९,५१,१६,८३८.३४
छ)	आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात (छ= ङ+च)	२,९१,१९,७३३.४८	५,६२,४४,५४२.०५

३ **वित्तीय विवरण परीक्षण -**

वित्तीय विवरणको यथार्थता - पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। स्थानीय तहको वित्तीय विवरण स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन तयार गर्नुपर्छ। तर पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु. १६३०७२८३१।- , एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रमको रु. १२५६८०००।– र स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रु ७७७२८९२।- समेत गरी रु. १८३४१३७२३। एकीकृत वार्षिक प्रतिवेदनमा समावेस गरेको छैन। तसर्थ पालिकामा हुने सवै आर्थिक कारोबार वित्तीय विवरणमा समावेश हुने व्यवस्था गर्नुपर्दछ।

४ **त्रैमासिक खर्च** -

पालिकाको लागि स्विकृत वार्षिक वजेट तथा कार्यक्रम अनुसार प्रत्येक त्रैमासिकमा खर्च गर्ने वजेटको अनुमान गरिएको र सोही बमोजिम खर्च गर्नुपर्नेमा कार्यालयले कुल खर्चको।त्रैमासिकगत खर्च निम्नानुसार रहेको छ।

(रकम रु हजारमा)

क्र.स	बजेट	कुल खर्च	त्रैमासिक खर्च				आषाढ महिना
			प्रथम त्रैमासिक	दोस्रो त्रैमासिक	तेश्रो त्रैमासिक	चौथो त्रैमासिक	
१	पूँजिगत खर्चतर्फ	१७४६१७	२४४५३	१८१३९	३९३५४	९२६७०	६४११७
२	प्रतिशत		१४	१०.३८	२२.५३	५३.०७	३६.७२

वार्षिक कार्यक्रम अनुसार चौमासिक रुपमा खर्चको प्रकृति हेर्दा कुल खर्चमध्ये चौथो त्रैमासिकमा ५३.०७ प्रतिशत तथा आषाण महिनामा ३६.७२ प्रतिशत खर्च भएको देखियो। यसरी आर्थिक बर्षको अन्तमा खर्चको भार बढी हुँदा प्रशासनिक कार्यबोझ बढी हुने, अनुगमन तथा निरीक्षण हुन नसकी कामको गुणस्तर कायम गर्न कठिनाई हुने भएकोले कार्यालयले त्रैमासिक लक्ष्य अनुसार खर्च व्यवस्थापन गर्नुपर्ने देखियो ।

५ **योजनाको प्राथमिकीरण** -

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ। स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकिकरणका आधारहरू गरिवी निवारण, उत्पानदमुलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दीगो र वातावरणीय संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही प्राथमिकताका आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। पालिकाले आर्थिक वर्ष २०८०।८१ मा निम्नानुसार ९ वडाको लागि वडागत र पालिकास्तरका कुल १२६ योजनामा वजेट विनियोजन गरेको छ।

क्र. सं.	**कार्यक्रमको नाम**	**योजना सङ्ख्या**	**रु.२० लाख माथिका योजना सङ्ख्या**	**रु.५ लाख देखि २० लाख सम्मका योजना सङ्ख्या**	**रु.५लाख भन्दा कमका योजना सङ्ख्या**
१.	पालिकास्तरीय	२५	३	१३	९
२.	वडा स्तरीय	१०१	१	२४	७६

उपर्युक्त विवरण अनुसार पालिकाले साना योजनाहरु सञ्चालन गरेको देखिन्छ। जसले गर्दा सञ्चालित योजनावाट प्रतिफल प्राप्त नहुनाका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ ।तसर्थ पालिकाले प्रतिफलमुखि र रोजगारी सृजना गर्ने खालका ठूला योजनाहरु पनि कार्यान्वयन गर्नुपर्दछ।

६ **योजना तथा वजेट कार्यान्वयन** -

यस योजना तथा बजेटमा देखिएका प्रमुख व्यहोराहरु निम्नानुसार रहेका छन:

· सार्वजनिक खरिद ऐन, २०६३ अनुसार रु. १० करोड भन्दा बढी रकमको वस्तु, निर्माण, परामर्श लगायत खरिद गर्दा खरिद गुरुयोजना तयार गर्नुपर्नेमा पालिकाले रु १७ करोड ४६ लाखको खरिद गुरुयोजना बेगर गरेको छ।

· स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७९ तथा पालिकाको विनियोजन ऐन,२०७८ को दफा २ अनुसार यस वर्ष थपघट समेत गाउँपालिकाको हिँउदे सभाबाट रु.१६ करोड ५४ लाख ४१ हजार मिति २०८०।११।८ मा रकमान्तर गरेको छ। उक्त रकम वजेटको तुलनामा २५ प्रतिशत हुन्छ। साथै रकमान्तर गरेको रकम मध्ये २१२ कार्यक्रम तथा योजनामा रु. १३ करोड २१ लाख ११ हजार खर्च गरेको छ।

कार्यक्रम, वजेट तर्जुमा र कार्यान्वियनलाई व्यवस्थित गरी रकमान्तर गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

७ **आन्तरिक लेखापरीक्षण-**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७७ मा स्थानीय तहले कानून बमोजिम आफ्नो आय र व्ययको आन्तरिक लेखापरीक्षण गराउनुपर्ने, आन्तरिक लेखापरीक्षणले औंल्याएका कैफियत सम्बन्धित अधिकारीले अन्तिम लेखापरीक्षण अगावै सम्परीक्षण गराउनुपर्ने भन्ने व्यवस्था रहेको छ। गाउँपालिकाले यस वर्षको आय र व्ययको आन्तरिक लेखापरीक्षण गरेको छैन। ऐनमा रहेको व्यवस्था वमोजिम आन्तरिक लेखापरीक्षण गरी श्रेस्ता अद्यावधिक गर्नुपर्दछ।

८ **आन्तरिक नियन्त्रण प्रणाली** -

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्ने व्यवस्था छ। तर पालिकाले त्यस्तो प्रणाली तयार गरी लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका केही व्यहोराहरु देहाय बमोजिम रहेका छन:-

· पालिकाले यस वर्ष बैठक भत्ता, तालिम, गोष्ठी लगायतका कार्यक्रम रु.३० लाख ६१ हजार खर्च गरेको छ।

· पालिकाबाट सञ्चालित आयोजनाको मर्मत सम्भारको लागि मर्मत सम्भार कार्यविधि तर्जुमा गरेको पाइएन ।

· पालिकाले उद्देश्य प्राप्तिमा आइपर्ने सक्ने सम्भावित जोखिमहरु पहिचान गरि सोको निराकरणको प्रयास गरेको अभिलेख राखेको छैन ।

· सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(७) वमोजिम सरोकारवाला सहितको सार्वजनिक सामाजिक परीक्षण गर्नुपर्नेमा उपभोक्ता समितिका पदाधिकारी भित्रमात्र यस्तो सुनवाई वा परीक्षण सीमित गरेको अवस्था समेत छ।

· ठेक्का वा उपभोक्ताबाट हुने कामको निर्माण सुरु गरेको मिति, लागत अनुमान, सम्पन्न हुने मिति लगायत विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता तयार गरेको पाइएन।

· भ्रमण खर्च नियमावली, २०६४ अनुसार भ्रमण/अनुगमन प्रतिवेदन पेश गरेर मात्र भ्रमण अनुगमन भत्ता भुक्तानी दिनुपर्ने व्यवस्था छ। पालिकाले भ्रमण तथा अनुगमन वापत रु १८ लाख खर्च लेखेकोमा केहीमा अनुगमन प्रतिवेदन पेश गरेको छैन भने भ्रमण उपलव्धिको मूल्याङ्कन गरेको छैन ।

· आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । विविध खर्चतर्फ पालिकाले रू १७ लाख २२ हजार खर्च गरेको छ। खर्चको मापदण्ड निर्धारण गरी यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ।

· पालिका भित्रका विद्यालय अनुगमन मापदण्ड तयार गरेको छैन भने अनुगमन समेत गरेको देखिने अभिलेख राखेको छैन।

· संस्थागत विद्यालयहरूको दर्ता, नवीकरण,शुल्क निर्धारण, वर्गीकरण लगायतका अभिलेख व्यवस्थित तवरले राखेको पाइएन ।

तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी वनाउनु पर्दछ ।

९ **तलवी प्रतिवेदन** -

लुम्बिनी प्रदेश निजामती सेवा ऐन, २०८० को दफा ४७ को उप दफा ४ वमोजिम तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ | कार्यालयले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई पालिकातर्फ ३४ जना कर्मचारीको रु.२,४१,५१,४१५।– र स्वास्थ्य तर्फ १८ जना कर्मचारीको रु १,५०,९४,९८६ गरी जम्मा रु ३,९२,४६,४०१।- तलव खर्च लेखेको छ ।तलबी प्रतिवेदन पारित नगरी

खर्च लेख्दा पाउने भन्दा बढी तलब तथा ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

१० **दरबन्दी भन्दा बाहिरका करार कर्मचारी-**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले स्थायी प्रकृतिको कामको लागि आवश्यक पर्ने तथा सेवा करारमा लिने कर्मचारीको लागि लाग्ने खर्च व्यहोर्ने स्रोत समेत विश्लेषण गरी दरबन्दी प्रस्ताव गर्नुपर्ने र यस्तो दरबन्दीको व्यवस्थापन सर्वेक्षण गरी सभावाट स्वीकृत गराउनुपर्ने व्यवस्था छ । तर पालिकाले स्वीकृत दरवन्दी वेगरका सामाजिक परिचालक र कार्यालय सहायक पदमा कर्मचारी करार नियुक्ति गरी तलव भत्ता रु. ७४६७२६ भुक्तानी गरेको पाइयो।करारमा स्वीकृत दरबन्दी बेगर कर्मचारी नियुक्त गरी भुक्तानी गर्ने कार्य नियमित नदेखिएको रु.

अनियमित भएको	७,४६,७२६

११ **विपद व्यवस्थापन-**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११(२) नं मा विपद व्यवस्थापन अन्तर्गत स्थानीय स्तरमा विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना ,पूर्व सूचना ,खोज तथा उद्धार, राहत सामाग्रीको पूर्व भण्डारण,वितरण र समन्वय,विपद जोखिम क्षेत्रको नक्शाङ्कन तथा वस्तीहरुको पहिचान र स्थानान्तरण जस्ता विषय समेटि कानून तर्जुमा गरी कार्यान्वियन गर्ने काम ,कर्तव्य रहने उल्लेख गरेको छ। पालिकाले सो सम्बन्धि कार्यविधी तथा जोखिम क्षेत्रको नक्शाङ्कन तथा पहिचान जस्ता कार्य गरेको देखिएन ।पालिकाको यो वर्ष विपद र विपद तथा वातावरण तर्फ रु ७६,७२,०००।- गरेको छ। कानूनले उल्लेख गरे वमोजिम विपद् सम्वन्धी प्रति कार्य योजना ,जोखिम वस्तीहरुको पहिचान गरी समयमा नै व्यवस्थापन तर्फ ध्यान दिनुपर्दछ।

१२ **अवकास कोष-**

स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ९१ मा स्थानीय तहले स्थानीय सेवाका कर्मचारीले निजको सेवा शर्त सम्बन्धी कानून वमोजिम अवकास हुँदा प्राप्त गर्ने योगदानमा आधारित उपदान वा निवृत्तिभरण,औषधि उपचार लगायतका सुविधा उपलब्ध गराउनका लागि एक अवकास कोष स्थापना गर्नुपर्ने व्यवस्था छ। पालिकाले यो वर्ष कर्मचारी कल्याणकारी कोषमा रु ४,००,०००।- विनियोजन गरेपनि अवकाष कोष संचालनमा ल्याएको छैन। नियमावलीले गरेको व्यवस्था बमोजिम कोष संचालनमा ल्याउनुपर्दछ।

१३ **आर्थिक सहायता** -

पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ। तर पालिकाले यो वर्ष मापदण्ड र कार्यविधि तयार नगरी विभिन्न संघसंस्था र व्यक्तिहरुलाई समाजिक सुरक्षा तथा आर्थिक सहायता र धार्मिक सांस्कृतिक सम्पदा संरक्षण।जात्रा पर्व को लागि रु. ११,६०,०००।- आर्थिक सहायता वितरण गरेको छ। वितरित सहायताको औचित्य पुष्ट्याई गरेको छैन। निश्चित विधि र मापदण्ड वेगर आर्थिक सहायता वितरण गर्ने प्रक्रियामा नियन्त्रण हुनु पर्दछ।

१४ **धरौटी फिर्ता** -

(✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-३** को निर्णयले रू **३२९,६९७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

१५ **सहकारी नियमन-**

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक वार्षिक प्रतिवेदन पालिकाकामा बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरणअनुसार पालिका भित्र २३ वटा सहकारी संस्था संचालनमा रहेका छन्। विवरण वमोजिम खराब ऋणी संख्या २२० तथा सो को ,खराब कर्जा /ऋण रु १,४३,१०,२७६।-रहेको देखिन्छ। त्यसैगरी पालिका भित्रका सहकारी संस्थाहरुले एकीकृत

सूचना व्यवस्थापन प्रणाली (COPOMIS)मा विवरण दाखिला गरेको पाइएन। तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ ।

.

१६ **निःशुल्क शिक्षा** -

नेपालको संविधानको अनुसूची ८ अनुसार आधारभूत र माध्यमिक शिक्षा स्थानीय तहको अधिकारको सूची अन्तर्गत रहेको देखिन्छ । अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन , २०७५ को दफा २७ मा निजी लगानीका विद्यालयले प्रारम्भिक बालविकास तथा शिक्षा देखि बाह्र कक्षा सम्मका कूल विद्यार्थी संख्या अनुसार पांचसय जनासम्म, पांचसय देखि आठसय जनासम्म र आठसय भन्दा बढी विद्यार्थी संख्या भएका विद्यालयले क्रमशः कम्तीमा दश, बाह्र र पन्ध्र प्रतिशत विद्यार्थीलाई निःशुल्क शिक्षा प्रदान गर्न स्थान आरक्षण गर्नुपर्ने व्यवस्था छ । शिक्षा नियमावली , २०५९ को नियम १५१ मा संस्थागत विद्यालयले गरीव, अपाङ्ग , महिला, दलित र जनजाति विद्यार्थीलाई छात्र वृत्ति उपलब्ध गराउनुपर्ने व्यवस्था छ । यसर्थ पालिकाले आफ्नो क्षेत्रका विद्यालयको अनुगमन गरी यस्ता छात्रवृत्ति कार्यक्रमको कार्यान्वयनको पारदर्शिता र जवाफदेहिता प्रवर्धनको लागी यसरी छात्रवृत्ति पाउने विद्यार्थीको नाम, ठेगाना र रकम पालिकाको र सम्वन्धित विद्यालयको वेभसाइटबाट सार्वजनिकरण गर्नु गराउनु पर्दछ ।

१७ **पाठ्यपुस्तक खरिद** -

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-३** को निर्णयले रू **४,४२७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-३** को निर्णयले रू **२,३८४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-३** को निर्णयले रू **१,११३** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

१८ **दिवा खाजा** -

१८.१ कार्याक्रम कार्यान्वयन पुस्तिका २०८०।८१ को क्रियाकलाप नं. २.७.११.१ मा सामुदायिक विद्यालयका प्रारम्भिक बाल विकास देखि कक्षा ५ सम्मका विद्यार्थीलाई दिवा खाजा व्यवस्थापन गर्न आर्थिक वर्षको सुरुमै IEMIS मा समावेश भएका विद्यार्थी संख्यालाई आधार मानेर त्रैमासिक रुपमा अनुदान भुक्तानी गर्ने व्यवस्था छ । जसको लागि स्थानीय तहले प्रधानाध्यापकको बैठकबाट स्थानीय तहभित्रका विद्यायलहरुमा एकरुपता कायम हुने गरी खाजाको मेनु तयार गरी विद्यालयकै कर्मचारी वा अभिभावकबाट वा विद्यालय बाहिरबाट क्यान्टिनको व्यवस्था गरी खाजा खुवाउने व्यवस्था गर्नुपर्ने तथा प्रत्येक त्रैमासिक निकासा गर्दा अगाडि निकासा भएको अनुदानको सदुपयोग भएको सुनिश्चित गर्ने र विद्यालयबाट गरीएको दिवा खाजा कार्यक्रमको स्थानीय तहले निरीक्षण समेत गर्नुपर्ने व्यवस्था छ ।

१८.२ (✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-३** को निर्णयले रू **११४,३२१** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

१९ **स्यानेटरी प्याड**-

स्यानेटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि,२०७६ को दफा ४ मा पालिकाले खरिद गरेको स्यानेटरी प्याड गुणस्तरमा कमी नआउने गरी भण्डारण गर्नुपर्ने उल्लेख छ। साथै दफा ५ मा स्यानेटरी प्याड त्रैमासिक,चौमासिक वा अर्धवार्षिक रुपमा वितरण गर्न सकिने उल्लेख छ। पालिकाका भित्रका सामुदायिक विद्यालयहरुमा कक्षा ६ भन्दा माथिका छात्रा विद्यार्थीहरु ५४१० जना रहेका छन।

पालिकाले एन्जल टच हाइजिन म्यानूफ्याक्चरिङ बाट ५५००९ थान स्यानेटरी प्याड रु.२७,४७,८२१।- (मु.अ.कर समेत) मा खरिद गरेको छ। पालिकाले गत विगतको खपतलाई आधार मानी समयमै उचित परिमाणमा खरिद गर्नुपर्नेमा वर्षान्तमा खरिद गरि मौज्दातमा राखेको देखिन्छ। तसर्थ पालिकाले आवश्यकताको पहिचान गरी आवश्यक परिमाणमा मात्र प्याड खरिद गर्नुपर्दछ।

२० **ग्रेड बढी भुक्तानी** -

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-३** को निर्णयले रू **४२,९००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-३** को निर्णयले रू **३०,५७१** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-३** को निर्णयले रू **३९,४९२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-३** को निर्णयले रू **७८,९८४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

२१ **कानुनी सल्लाहकार**-

स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधासम्बन्धी ऐन, २०७५ मा पदाधिकारीहरूको लागि स्वकीय सचिव र सल्लाहकार राखी पारिश्रमिक दिने व्यवस्था छैन। सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०७७।११।२५ को परिपत्र अनुसार मापदण्ड अनुसार खर्च गरेको देखाए तापनि सो परिपत्रको आधारमा खर्च गर्न मिल्दैन । पालिकाले यस वर्ष १ जना प्रेस सल्लाहकार नियुक्त गरी मासिक रु २५,०००।- र १ जना कानूनी सल्लाहकार नियुक्त गरी मासिक रु.२०,०००।- का दरले चाडपर्व खर्च र पोशाक समेत रु.६,०५,०००।-पारिश्रमिक भुक्तानी दिएको छ । उल्लेखित ऐनमा समावेश गरेरमात्र यस्तो खर्च लेख्नु पर्नेमा ऐनमा समावेश नगरी भएको भुक्तानी अनियमित खर्च रु

अनियमित भएको	६,०५,०००

२२ **सामाजिक सुरक्षा भत्ता बढी भुक्तानी** -

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-३** को निर्णयले रू **१०७,८६७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

२३ **औषधि खरिद** -

पालिकाकालाई आवश्यक पर्ने औषधि मध्ये पालिकाबाट खरिद गर्नुपर्ने र तालुक निकायबाट प्राप्त हुने परिमाण यकिन गरी वार्षिक आवश्यकताको परिणाम विवरण तयार गरी पुल सिस्टमको आधारमा आपूर्ति व्यवस्थापन गर्नु पर्दछ । आपूर्ति हुने औषधीमा उत्पादन मिति, म्याद सकिने मिति, ब्याच नं., उत्पादक कम्पनीको नाम र नि:शुल्क वितरणको लागि लगायतका सूचना उल्लेख रहेको हुनुपर्दछ । आपूर्ति भएका औषधिको म्याद सकिने मिति भण्डार दाखिला समयदेखि कम्तिमा १८ महिना बाँकी हुनु पर्दछ। त्यसैगरी भण्डारमा दाखिला गर्दा समेत उल्लेखित सबै विवरण खुलाउनुपर्दछ । यसवर्ष पालिकाले संघीय शसर्त बजेट उप शिर्षक र पालिकातर्फ बजेट विनियोजन गरी औषधि र उपकरण खरिद गरी विभिन्न फर्मलाई रु. ६५,४९,४२३।- भुक्तानी दिएको छ। पालिकाले औषधी खरिद गर्दा आवश्यकता पहिचान गरेको छैन भने पुल सिस्टमको आधारमा आपूर्ति समेत गरेको देखिएन।

२४ **निःशुल्क उपचार सहायता** -

जनस्वास्थ्य सेवा ऐन, २०७५ को दफा ३ मा स्वास्थ्य सेवाको पहुंच तथा सुनिश्चितता हुने व्यवस्था रहेको छ ।नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरेको विपन्न नागरिक औषधि उपचार कोष निर्देशिका, २०७५को दफा ३ मा विपन्न नागरिकलाई औषधि उपचार वापत आर्थिक सहायता दिने प्रवन्ध गरिएको तथा दफा ४ मा यस्तो सेवा लिने प्रक्रिया वारेमा उल्लेख छ ।सोही मन्त्रालयबाट जारी भएको विपन्न नागरिक औषधिउपचार कार्यक्रम संचालन निर्देशिका, २०८० ले पनि विपन्न नागरिकलाई औषधि उपचार वापत सहायता दिने प्रक्रिया बारेमा विस्तृत उल्लेख गरिएको छ ।नेपाल सरकारले यस्ता कार्यको लागी बजेट व्यवस्था गरेको देखिन्छ । सोही बमोजिम विपन्न नागरिक, असहाय तथा गरीब जस्ता लक्षित वर्गलाई निःशुल्क उपचार वापतको आर्थिक सहायता वितरण वापत वार्षिक कार्यक्रम अनुसार यस वर्ष यस पालिकावाट ४८ जनाको लागि रु १९९५०००।- खर्च भएको व्यहोरा निम्नानुसार देखिन्छ । यस्ता खर्चको पारदर्शिता र जवाफदेहिता प्रवर्धनको लागी यसरी सहायता प्राप्त गर्ने व्यक्तीको नाम, ठेगाना र उपचारको किसिम तथा रकम वेभसाइटबाट सार्वजनिकरण गर्नु पर्दछ ।

क्रम	**उपचारको किसिम**	**व्यक्ती संख्या**	**रकम रु**
१	क्यान्सर	३९	१६०५०००
२	मृगौला डाईलाइसिस	८	३३००००
३	मेरूदण्डको पक्षघात	१	६००००
	जम्मा	४८	१९९५०००

२५ **कृषि तथा पशु अनुदान -**

२५.१ कृषी क्षेत्रको रुपान्तरण, कृषी तथा पशुपन्छीजन्य व्यवसाय प्रवर्धन लगायतका कृषी, पशुपन्छी, बालीनाली, मत्स्य आदि सम्वन्धी अनुदान उपलब्ध गराउने कार्यक्रमबाट विभिन्न व्यक्ति तथा समूहलाई अनुदान दिएको देखिन्छ । यस्ता कार्यक्रम संघका साथै प्रदेश तथा स्थानीय तह मार्फत तिनका समेत स्रोत साधनको संलग्नतामा सञ्चालन गर्न विभिन्न नीति कार्यविधी तथा निर्देशिका नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहबाट समेत तर्जुमा भएको देखिन्छ । सोही बमोजिम लक्षित कृषक वर्गलाई अनुदान वितरण वापत वार्षिक कार्यक्रम अनुसार यस वर्ष यस पालिकावाट ६७१ भन्दा बढीको लागि रु ९७,६५,५९९।- खर्च भएको व्यहोरा निम्नानुसार देखिन्छ । यस्ता खर्चको पारदर्शिता र जवाफदेहिता प्रवर्धनको लागी यसरी अनुदान प्राप्त गर्ने कृषकको नाम, ठेगाना र अनुदानको किसिम तथा रकम वेभसाइटबाट सार्वजनिकरण गर्नु गराउनु पर्दछ ।

२५.२ पशुपालन तर्फ-

क्र स	**कार्यक्रमको नाम**	**जम्मा खर्च बजेट**	**अनुदान, लाभग्राही**
१	७५%प्रतिशत मुल्य अनुदानमा एक बर्षे अकोसे घाँसको बिउँ बितरण	१४९४३५	७५ प्रतिशतका दरले अनुदान, ३८६पशुपालक
२	७५%प्रतिशत मुल्य अनुदानमा हिउदे घाँसको बिउ बितरण	३६१८७५	७५%अनुदानमा जम्मा २२०० के जी(२२क्विन्टल) बर्षिम तथा ५२५के.जी जै घाँस बितरण भएको
३	बधियाभाले प्रविधि हस्तान्तरण कार्यक्रम	२२२००	प्रति भाले रू १०० का दरले, १२कृषक
४	उत्पादनमाआधारित अनुदान (दुध)	१२२९०००	प्रति लिटर रू ४ का दरले,१५१जना कृषक
५	बाख्रा प्रबर्धन कार्यक्रम	३१२७८८	पचास प्रतिशत अनुदानमा ६ जना कृषक

२५.३ कृषि तर्फ-

क्र.स.	कार्यक्रमको नाम	लाभग्राहीको संख्या	भुक्तानी रकम
	गाउँपालिका तर्फको		
१	स्वरोजगारका लागि युवा लक्षित करार खेती कार्यक्रम	१७	५६४७५१
२	वेसार खेती गर्ने किसानहरुलाई प्याकेजिङ मेसिन/वजारिकरणमा सहयोग	२	५००००
३	क्षेत्रफलका आधारमा तरकारी उत्पादनमा प्रोत्साहन अनुदान कार्यक्रम	८५	४७१८००
४	पुष्प खेती गर्ने किसानलाई पोत्साहन कार्यक्रम	५	९७०००
५	५० % अनुदानमा धानको उन्नत विउ वितरण	६९क्वीन्टल ९० के. जी	२७२६५०
	संघीय शसर्त तर्फ		
६	फलफुल प्रवर्द्धन कार्यक्रम	३	२२३९१२
७	खाद्यान्न बालीको उन्नत बीउ उपयोगमा अनुदान(धान गहुँ)	२७६क्वीन्टल	१०६६०१०
८	आ. व. २०७९/०८० मा स्थापना भएको तरकारी बाली पकेट विकास कार्यक्रमको निरन्तरता	१ वटा सहकारी	४१२५५७
	प्रदेश शसर्त तर्फ		
९	कस्टमहाइरिङ सेन्टर स्थापना	१ समूह/१सहकारी	४००००००
१०	नमूना फलफुल बगैचाँ स्थापना	२	५३१६२१
	जम्मा		७६९०३०१

२६ **संघिय संचित कोष फिर्ता गर्नुपर्ने-**

(✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-३** को निर्णयले रू **४०५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

२७ **वित्तीय समानिकरणबाट चालु खर्च-**

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन,२०७४ को दफा २१ को उपदफा ४ मा प्रदेश तथा स्थानीय तहले आफूले उठाएको राजश्व र यस ऐन बमोजिम राजश्व बाँडफाँडबाट प्राप्त हुने रकमबाट प्रशासनिक खर्च पुग्ने गरी राजश्व र व्ययको अनुमान पेश गर्नुपर्ने व्यवस्था गरेको छ। नेपाल सरकार,अर्थमन्त्रालयको च.नं १२१ मिति २०७८-३-२७ को पत्रबाट वित्तीय समानीकरणको अनुदान रकमलाई प्रशासनिक खर्चको प्रयोजनमा प्रयोग गर्न मिल्ने नदेखिएको र स्थानीय सरकारले आफ्नो प्रशासनिक खर्च आफ्नो आन्तरिक राजश्व तथा राजश्व बाँडफाँडबाट प्राप्त हुने रकमबाट मात्र व्यहोर्नुपर्ने व्यवस्था गरेको छ। चालु तर्फका खर्च शिर्षकमा रु ५,४७,४६,०००।– खर्च गरेकोमा शिक्षकको तलबमा मात्र रु ५५,००,०००।- खर्च गरेको छ।त्यसैगरी पालिकाले यस वर्ष विभिन्न विद्यालयहरुको शिक्षकको तलब,रोजगार संयोजक, स्वास्थ्य करार तर्फका कर्मचारीको तलब तथा ऐरावती क्याम्पसलाई रु ५,००,०००।- लगायत चालु प्रकृतिका खर्चहरु छन् । अन्तर सरकारी वित्त व्यवस्थापन ऐन तथा नेपाल सरकार अर्थमन्त्रालयको परिपत्र बमोजिम वित्तीय समानीकरण बाट प्रशासनिक खर्चको प्रयोजनमा प्रयोग नहुने गरी बजेट तयार गर्नुपर्दछ।

२८ **प्रधानमन्त्री रोजगार कार्यक्रम -**

स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ। यो कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ। यस कार्यक्रम अन्तर्गत पालिकाका ९ वडामा ११ योजना सञ्चालन गरी यस वर्ष १०२ जनालाई औसत ६२ दिनले ६३६५ दिन रोजगारी उपलव्ध गराई रु. ४२,५२,१५४।- श्रमिक ज्याला खर्च गरेको छ। पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन। योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वियन गर्नुपर्दछ। उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन। तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ।

२९ **संघीय सरकार (विशेष)**

कार्यक्रम कार्यान्वियन- प्रविधिमैत्री पूर्वाधार,क्षमता अभिवृद्धि र समुदाय परिचालनको माध्यमबाट शिक्षामा पहुँच,समावेशीकरण र गुणस्तर सुधार परियोजना कार्यक्रममा रु ५०,००,०००।-निकासा तथा खर्च भएको छ। शिक्षामा पहुँच नपुगेको वर्गको पहिचान गरी सो वर्गको क्षमता अभिवृद्धि गर्नुपर्ने,शिक्षाको गुणस्तरमा सुधारको लागि कार्ययोजना तयार गरी कार्यक्रम कार्यान्वियन गर्नुपर्नेमा पालिकाले आर्थिक वर्षको अन्तमा सबै रकमबाट संगित सामाग्री,विद्यालयमा इलेक्ट्रोनिक हाजिरी जडान,कार्पेट व्यवस्थापन,स्मार्ट वोर्ड राख्ने लगायतका सामाग्री खरिद गरी वितरण गर्ने कार्य गरेको छ। कार्यक्रमको उद्देश्य अनुसार चौमासिक रुपमा विद्यालय,विद्यार्थी र समुदायको क्षमता अभिवृद्धि हुने,शिक्षामा पहुँच नपुगेको वर्गको पहिचान गरी समावेशीकरणको माध्यमबाट शिक्षामा पहुँच पुग्ने जस्ता कार्यक्रमको कार्ययोजना तयारी तथा स्वीकृति गरी कार्यान्वियन गर्नुपर्दछ।

३० **पुँजीगत खर्चको अवस्था** -

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ अनुसार सार्वजनिक निकायले कुनै खरिद गर्नुपर्दा भएसम्म खुल्ला रुपमा बोलपत्र माग गरी खरिद गर्नुपर्नेमा यो वर्ष राप्ती गाउँपालिका पूजीगत शिर्षकबाट रु.१७,४६,१०,०००।-खर्च गरेकोमा रु.४,६८,९७,०००।– अर्थात् २६.८५ प्रतिशत मात्र बोलपत्रबाट खरिद गरेको छ। कुल खरिद मध्ये सिलबन्दी दरभाउपत्रबाट रु.९९,६१,७४४।-,अमानतबाट रु. ६,५७,०००।- र उपभोक्ता समितिबाट रु ४,४०,७३,१९६।- को खरिद गरेको छ। अमानत तथा उपभोक्ता समितिबाट खरिद गर्दा प्रतिस्पर्धा नहुने हुँदा सार्वजनिक खरिदलाई प्रतिस्पर्धी एवं मितव्ययी हुने गरी खरिद गर्ने व्यवस्था मिलाउनु पर्दछ।

३१ **रकमान्तर गरी टुक्रे कार्य-**

सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९ मा खरिद सम्बन्धी सम्पूर्ण कार्य एउटै खरिद सम्झौताबाट हुन सक्ने अवस्थामा एउटै प्याकेजबाट गर्नुपर्ने व्यवस्था गरेको छ। गाउँसभाले बजेटमा मसुरिया देखि खुरुरिया जाने बाटो तथा पक्की नाला निर्माणको लागि रु ३०,००,०००।- बजेट व्यवस्था गरेको देखिन्छ। सार्वजनिक खरिद नियमावली बमोजिम वोलपत्रको माध्यमबाट सो निर्माण कार्य गर्नुपर्नेमा गाउँसभाको हिँउदे अधिवेशनबाट सो बजेटलाई देहायबमोजिम तीन वटा टुक्कामा बजेट रकमान्तर गरी कोटेशनको माध्यमबाट रु २८,९०,००७।- खर्च गरेको छ।

भौ. नं।मिति	**कार्य**	**पार्टी**	**रकम रु**
२९०।०८१-३-२२	वडा नं ३ को अधुरो नाला निर्माण	चिरन निर्माण सेवा	९६३३१८।
२७२।०८१-३-२१	वडा नं ३ को मसुरिया देखि प्रहरी चौकी विट देखि खुरुरिया सडक खण्ड नाला निर्माण	पोख्रेल निर्माण सेवा	९६३९८०।
३८१।०८१-३-२४	वडा नं मसुरिया सडक माटो फिलिङ तथा ग्रावेल कार्य	एलिक्षा निर्माण सेवा	९६२७०९।
जम्मा			**२८९०००७।-**

३२ **प्रशासनिक भवन निर्माण कार्य तर्फ-**

कर समायोजन पत्र- १५३।०८१-१-२०,२४१।०८१-३-२० वडा नं ३ को प्रशासनिक भवन निर्माण कार्यको लागि मिति २०८०-९-२४ मा रु २,०२,८७,८३९।- मा सम्पन्न गर्ने गरी इनोमेटिभ –डोको –जलजला जे.भी सँग सम्झौता भएको छ। सो निर्माण

कार्यमा दोश्रो रनिङ विल सम्म रु ६४,९८,७४१।- भुक्तानी भएको छ। सो निर्माण व्यवसायीले आन्तरिक राजश्व कार्यालयमा कर विवरण पेश नगरी नन फाइलर रहेको अवस्थामा निज व्यवसायीलाई भएको मू.अ.कर भुक्तानी रु ७,९३,६७९।- (मू.अ.कर रकमको ७० प्रतिशतले हुने) को कर समायोजन पत्र पेश गर्नुपर्ने रु

प्रमाण पेश नगरेको	७,९३,६७९

३३ **डि.पि.आर को आवश्यकता र कार्यान्वयन-**

सार्वजनिक खरिद ऐन ,२०६३ को नियम ८(९) मा प्रतिस्पर्धात्मक प्रस्ताव माग गरि परामर्श सेवा खरिद गर्नुपर्ने, यस्तो खरिदमा आवश्यकता पहिचान समेत गर्नुपर्ने व्यवस्था छ। यसरी परामर्श सेवा खरिद गर्दा विभागीय जनशक्तिले संभव नहुने विषयमा मात्र परामर्श सेवा लिनुपर्नेमा गाउँपालिकाले सम्भाव्यता अध्ययन, अध्ययन प्रतिवेदन लगायतमा देहाय बमोजिकका विस्तृत परियोजना प्रतिवेदन (DPR) तयार गरी रु ४७ लाख २७ हजार खर्च गरेको छ।DPR गरिएका योजनाको गाउँपालिकाले आवश्यकता महुशष गरी योजना तोकेर नै DPR गर्नुपर्ने, DPR गरिएका योजनामा आगामी वर्ष बजेट विनियोजन गरी कार्यान्वियन गर्नुपर्ने लगायतका विषयहरु भएका छैनन् ।DPR गर्नकै लागि मात्र DPR गर्न हुदैँन। DPR को प्रतिवेदन प्राप्त भए पछि पालिकाको TOR बमोजिम प्रतिवेदन प्राप्त भए नभएको सोको परीक्षण गरी दर्ता गरी अभिलेख व्यवस्थित गरी राख्नु पर्दछ।

भौ.नं। मिति	**खर्च शिर्षक**	**कार्य**	**रकम रु**
२०४।०८१-३-१६	पूँजीगत अनुसन्धान तथा विकास	राप्ती इनोभेसन सेन्टर भवन	४,९७,०००
२२९।०८१-३-१८	पूँजीगत अनुसन्धान तथा विकास	• दिगो विकास लक्ष्यको स्थानीयकरण रणनीति तयार • गाउँपालिकाको सर्भेक्षण तयार • मध्यकालिन खर्च संरचना	१०,८१,४१०
१२३५।०८१-३-२३	विभिन्न आयोजनाको DPR	गाउँशिक्षा योजना	४,९०,०८१
११७६।०८१-३-२१	विभिन्न आयोजनाको DPR	राजश्व सुधार योजना	४,८५,९००
११७७।०८१-३-२१	विभिन्न आयोजनाको DPR	वैसोस्वर खोला RCC Bridge	९,७३,६८०
८३०।०८१-३-२(गा.पा.चालु)	विभिन्न आयोजनाको DPR	डोल्पै खोला पुल	११,९८,९३०
जम्मा			**४७,२७,०००**

३४ **आय ठेक्का-**

३४.१

गाउँपालिकाको IEE प्रतिवेदन बमोजिम राप्ती नदीमा ६ वटा उत्खनन क्षेत्रबाट नदीजन्य पदार्थ उत्खनन् गर्न सकिने गरी १८८०६१.७१ घ.मि. परिमाण तोकेको छ। राष्ट्रपति चुरे-तराई मधेश संरक्षण विकास समितिको मिति २०८०-११-२ को ०८०।८१ को लागि नदीजन्य पदार्थ उत्खनन् संकलन सहमति पत्रमा सो ६ वटा नाकाबाट ११२८३० घ.मि. मात्र नदीजन्य पदार्थ उत्खनन् गर्न सकिने उल्लेख गरेको छ। गाउँपालिकाले कठाहा-क र कठाहा-ख घाट बाट ५३३८० घ.मि. पदार्थ उत्खनन् गर्ने गरी मिति २०८१-१-६ गते त्रिएक कन्स्ट्रक्सन प्रा.लि. संग सम्झौता भएको छ। घाट बाट उत्खनन् गरी तोकिएको स्थानमा मिति २०८१-२-३० भित्र घाटगद्धी गर्ने कार्यको लागि रु १,००,७३,३३९।८० (भ्याट समेत) ठेक्का सम्झौता भएको छ। यसवर्ष नदीजन्य पदार्थको विक्रीबाट पालिकाले उत्खनन् तथा संकलन खर्च घटाई रु १२६,८०,६१८।- आय गरेको छ।

३४.२ IEE को प्रतिवेदन वमोजिम २०८० आश्विन देखि २०८१ जेठ महिना सम्म मात्र नदीजन्य पदार्थ उत्खनन् गर्न सकिन्छ। २०८० आश्विन महिनामा नै ठेक्का व्यवस्थापन गरी तोकिएको समयमा तोकिएको परिमाणमा नदीजन्य पदार्थ उत्खनन् गर्नुपर्दछ। प्रतिदिन ४५८.७९ घ.मि.भन्दा बढी उत्खनन् गर्न नपाउने अवस्थामा गाउँपालिकाले लगाएको ठेक्काबाट २ महिनामा प्रतिदिन ९८८.५२

घ.मि.उत्खनन् हुने देखिन्छ।मिति २०८० भाद्र देखि २०८० चैत्र सम्मको नदीजन्य पदार्थको अवस्था,संरक्षण तर्फ पालिकाको ध्यान पुगेको देखिएन।

३४.३ IEE प्रतिवेदनमा उत्खनन् तथा संकलन कार्यमा हाते औजार ,गल,गैटी,कोदालो,वेल्चा आदि प्रयोग गर्नुपर्ने,अधिकतम १.५ मि. गहिराई सम्म मात्र उत्खनन् गर्ने,नदीको धार नै परिवर्तन हुने गरी श्रोत संकलन नगर्ने,नदीको पानीको सतहभन्दा गहिरो हुने गरी किनारबाट श्रोत उत्खनन् नगर्ने जस्ता विषयहरुमा ध्यान दिनु पर्दछ। मेशिन प्रयोग गर्नुपर्ने अवस्था IEE मा उल्लेख गरिएको विषयमा मात्र प्रयोग गर्नुपर्दछ। करीब २ महिनामा तोकिएको परिमाण उत्खनन् र संकलन गर्ने कार्यमा IEE ले उल्लेख गरेको विषयमा ध्यान पुग्ने अवस्था देखिदैँन। पालिकाले आगामी वर्षहरुमा यस तर्फ ध्यान दिनुपर्दछ।

३४.४ (✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-३** को निर्णयले रू **२११,७२९** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

३४.५ राप्ती नदीका अन्य घाट खुरुहिया,वसन्तपुर-क,ख, वगरापुर घाटबाट ५९४५० घ.मि. उत्खनन् तथा संकलन गर्ने कार्यको लागि गढवा गाउँपालिका र राप्ती गाउँपालिकाबीच मिति २०८० फागुन १६ गते संयुक्त घाट गद्धी तथा विक्री व्यवस्थापन गर्ने सम्बन्धी समझदारी भएको छ। सोही समझदारी बमोजिम नदीजन्य पदार्थ घाटगद्धी गरिदिएवापत गढवा गाउँपालिकालाई यस पालिकाले रु २६,१०,८४५।- विभिन्न मितिमा भुक्तानी गरेको छ। ४ वटा घाट बाट के कति परिमाणमा उत्खनन् भयो र के कति परिमाणमा विक्री भयो सो को विवरण पालिकामा प्राप्त भएको छैन। गढवा गाउँपालिकाले नदीजन्य पदार्थको विक्रीबाट यो वर्ष रु ७,८६,१४४।- मात्र रकम उपलब्ध गराएको छ।प्राप्त रकम के कति परिमाण विक्रीको हो सो खुलाएको छैन। गाउँपालिकाले आफ्नो कार्य क्षेत्र भित्रका उपर्युक्त ४ घाटबाट उत्खनन्,संकलन तथा विक्री तथा मौज्दातको विवरण यकिन गरी आय यकिन गनुपर्दछ।

३५ **म्याद ननाघेको पेश्की** -

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५२ मा पेश्की रकमको विवरण तयार गरी म्याद नाघेको र म्याद ननाघेको छुट्टाछुट्टै अभिलेख राखी एकीकृत लगत तयार गर्नु पर्ने व्यवस्था छ । पालिकाले यस वर्ष राप्ती चक्रपथ निर्माण कार्यक्रमको लागि सुनछहारी कन्सट्रक्सन प्रा.लि. लाई रु.१७,१०,०००।- पेश्की दिएको छ । उक्त पेश्की आर्थिक वर्षको अन्तसम्म म्याद ननाघेतापनि सोको अभिलेख व्यवस्थित गरी पेश्की फर्स्यौट गर्नुपर्दछ ।

३६ **राप्ती चक्रपथ योजना-**

३६.१ (✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-३** को निर्णयले रू **१,७१०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

३६.२ सोही योजनाको तेश्रो रनिङ्ग विल सम्म ७५ प्रतिशत कार्य सम्पन्न भै सकेको अवस्थामा सम्झौतामा उल्लेख भए अनुसार बील रकमको ४० प्रतिशत पेश्की रु १३,९९,१२१।- कट्टा गरी रकम भुक्तानी गर्नुपर्नेमा पेश्की कट्टा नगरी भुक्तानी गरेको कारण निर्माण व्यवसायीलाई लाभ पुग्न गएको छ। पालिकाले सम्झौतामा उल्लेख भए बमोजिम पेश्की कट्टा गर्नुपर्दछ।

अनुसूचीहरू

अनुसूची - १

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८०/८१

कार्यालय र स्थान : राप्ती गाउँपालिका, दाङ , राप्ती गाउँपालिका , दाङ

पद	नाम	कार्यकाल सुरु मिति	कार्यकाल समाप्त मिति
कार्यालय प्रमुख	नेव बहादुर वली	२०७९-५-१०	हाल सम्म कार्यरत
लेखा प्रमुख	धन प्रसाद शर्मा	२०७७-४-१	२०८१-१-२
लेखा प्रमुख	रेशमराज अधिकारी	२०८१-१-१६	हाल सम्म कार्यरत

बेरुजु वर्गीकरण:

असूल गर्नुपर्ने	अनियमित भएको	प्रमाणका कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा पेश्की
२,७४८,७८८	१,३५१,७२६	१,१२३,३७६	०	०	०
				प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.	५,२२३,८९०
				प्रारम्भिक प्रतिवेदन उपर फछ्यौंट गरी संपरीक्षण भएको रकम रु.	३,०७८,४८५
				संपरीक्षणबाट थप भएको बेरुजू रु.	०
				लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.	२,१४५,४०५

स्थानीय तह :

गत बर्षको जिम्मेवारी		५६२४२८७६.०५	
आम्दानी		खर्च	
संघीय सरकारबाट अनुदान	३५१७४७०९१	चालु खर्च	३९८००९०५६.४
प्रदेश सरकारबाट अनुदान	३८०११०००	पूँजीगत खर्च	१७४६१७५८३.६१
राजश्व बाँडफाँट	१४७५१२६८७.५	वित्तीय/अन्य व्यवस्था	२२४४४०५२४.३२
आन्तरिक आय	३३९७९४६४.३५		
अन्य आय	१९८६९३७७८.९१		
कुल आय	७६९९४४०२१.७६	कुल खर्च	७९७०६७१६४.३३
बाँकी मौज्दात		२९११९७३३.४८	

सुझाव

स्थानीय तहहरूद्वारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा स्थानीय तहले यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।
- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।

- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ । मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।
- संघ र प्रदेशबाट प्राप्त अनुदानमध्ये खर्च नभई वर्षान्तमा बाँकी रहेको मौज्दात आर्थिक वर्ष समाप्तिपश्चात् समेत फिर्ता हुँदा खर्चमा यथार्थता नदेखिएकोले सोमा सुधार गर्नुपर्दछ ।
- आन्तरिक लेखापरीक्षण नभएकोले आन्तरिक लेखापरीक्षण गराई प्रतिवेदनमा उल्लेखित व्यहोराको कार्यान्वयन गराउनुपर्दछ।आन्तरिक लेखापरीक्षणलाई प्रभावकारी बनाउनुपर्दछ।
- पालिकामा निर्माणाधीन आधारभूत अस्पताल र कार्यालय भवन समयमै निर्माण सम्पन्न गर्नुपर्दछ ।